# सरकारी ऋणपत्रको प्राथमिक निष्काशन तथा दोस्रो बजार कारोवार नियमावली, २०६१

राष्ट्र ऋण ऐन, २०५९ को दफा २० को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सोही दफाको उपदफा (२) को खण्ड (ठ) को प्रयोजनको निमित्त सरकारी ऋणपत्रको प्राथमिक निष्काशन तथा दोस्रो बजार कारोवार व्यवस्थापन गर्न श्री ५ को सरकारले नेपाल राष्ट्र बैंकको राय लिई देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरुको नाम "सरकारी ऋणपत्रको प्राथमिक निष्काशन तथा दोस्रो बजार कारोवार नियमावली, २०६१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा, -

(क) "राष्ट्र ऋण ऐन" भन्नाले राष्ट्र ऋण ऐन, २०५९ सम्झनु पर्छ ।

(ख) "धितोपत्र ऐन" भन्नाले धितोपत्र कारोवार ऐन, २०४० सम्झनु पर्छ ।

(ग) "राष्ट्र ऋण नियमावली" भन्नाले राष्ट्र ऋण नियमावली, २०५९ सम्झनु पर्छ ।

(घ) "धितोपत्र नियमावली" भन्नाले धितोपत्र कारोवार नियमावली, २०५० सम्झनु पर्छ ।

(ङ) "राष्ट्र बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(च) "विभाग" भन्नाले राष्ट्र बैंकको राष्ट्र ऋण व्यवस्थापन विभाग सम्झनु पर्छ ।

(छ) "धितोपत्र बोर्ड" भन्नाले धितोपत्र ऐन को दफा ३ बमोजिम स्थापना भएको धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(ज) "धितोपत्र बजार" भन्नाले धितोपत्र ऐन को दफा ७ग. बमोजिम स्थापना भएको धितोपत्र बजार सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले नियम २४ बमोजिम गठन भएको सरकारी ऋणपत्रको प्राथमिक निष्काशन तथा दोस्रो बजार संचालन समिति सम्झनु पर्छ ।

(ञ) "सदस्य" भन्नाले धितोपत्र ऐन बमोजिम बजार निर्माता वा दलालको रुपमा धितोपत्र बोर्डबाट धितोपत्र व्यवसायीको प्रमाणपत्र र धितोपत्र बजारबाट सदस्यता प्राप्त गरेको व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ ।

(ट) "बजार निर्माता" भन्नाले धितोपत्र ऐन तथा धितोपत्र नियमावली बमोजिम धितोपत्र व्यवसायीको प्रमाणपत्र प्राप्त गरी धितोपत्र बजारबाट बजार निर्माताको रुपमा धितोपत्र कारोवार गर्न सदस्यता प्राप्त गरेको व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ ।

(ठ) "दलाल" भन्नाले धितोपत्र ऐन तथा धितोपत्र नियमावली बमोजिम धितोपत्र बजारबाट धितोपत्र व्यवसायीको प्रमाणपत्र प्राप्त गरी दलालको रुपमा कारोवार गर्न इजाजतपत्र प्राप्त गरेको व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ ।

(ड) "बोलकवोल" भन्नाले विभागले ऋणपत्र बिक्री गर्न समय समयमा प्रकाशित गरेको सूचना बमोजिम त्यस्तो ऋणपत्र खरिद गर्न चाहने कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले आफूले खरिद गर्न चाहेको ऋणपत्र खरिद गर्न मन्जूर गरी बोलपत्र फाराममा उल्लेख गरेको कवोल मूल्य, रकम, प्रिमियम वा डिष्काउन्ट सम्झनु पर्छ ।

(ढ) "बोल मूल्य" भन्नाले बोलपत्रदाताले बोलकवोलमा भाग लिई आफूले खरिद गर्न चाहेको प्रति एकसयको अंकित मूल्यको आधारमा बोलपत्र फाराममा उल्लेख गरेको मूल्य सम्झनु पर्छ ।

(ण) "कट्टि मूल्य (कट अफ प्राईस)" भन्नाले बोलकवोलको समयमा समितिले स्वीकार गरेको न्यूनतम मूल्य सम्झनु पर्छ ।

## परिच्छेद-२
## ऋणपत्रको प्राथमिक निष्काशन र बोलकवोल

३. बोलकवोलको माध्यमद्वारा ऋणपत्र निष्काशन गर्न सकिने: (१) विभागले आवश्यकतानुसार बोलकवोलको माध्यमद्वारा सरकारी ऋणपत्रहरु निष्काशन गर्न सक्नेछ ।

(२) विभागले उपनियम (१) बमोजिम ऋणपत्र निष्काशन गर्दा त्यस्तो ऋणपत्रको किसिम, निष्काशन गरिने रकम, व्याजदर, भुक्तानी अवधि, त्यस्तो बोलकवोलमा भाग लिने समय सीमा, प्रक्रिया लगायत अन्य आवश्यक शर्त तोकी राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नेछ र त्यस्तो सूचना बैंकको वेबसाईटमा समेत राखिनेछ ।

४. बोलकवोलमा सहभागी हुन सक्ने: (१) विभागले नियम ३ बमोजिम निष्काशन गरिने ऋणपत्रको बोलकवोललाई आवश्यकतानुसार प्रतिस्पर्धी र अप्रतिस्पर्धी गरी दुई भागमा विभाजन गर्न सक्नेछ । यसरी विभाजन गरेको अवस्थामा अप्रतिस्पर्धी बोलकवोलको लागि कम्तिमा पन्ध्र प्रतिशत ऋणपत्र छुट्याउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अप्रतिस्पर्धि बोलकवोलको लागि छुट्याइएको सम्पूर्ण ऋणपत्र बिक्री नभएमा त्यसरी बिक्री नभएका ऋणपत्र समेत प्रतिस्पर्धि बोलकवोलमा समावेश गरिनेछ ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि राष्ट्र बैंकबाट प्रचलित कानून बमोजिम “क”, “ख” वा “ग” वर्गको वित्तीय कारोवार गर्न इजाजतपत्र प्राप्त संस्थाले अप्रतिस्पर्धि बोलकवोलमा सहभागी हुन पाउने छैनन् ।

५. बोलकवोलको न्यूनतम रकम: प्रत्येक बोलकवोलदाताले ऋणपत्र खरिद गर्न पेश गर्ने बोलकवोलमा न्यूनतम पच्चिस हजार रुपैयाँ वा सो रकमले नि:शेष भाग जाने रकम विभागले वितरण गरेको बोलकवोल फाराममा उल्लेख गर्नु पर्नेछ ।

तर राष्ट्रिय बचतपत्र तथा नागरिक बचतपत्रको हकमा त्यस्तो न्यूनतम रकमको सीमा एकहजार रुपैयाँ मात्र हुनेछ ।

६. बोल मूल्य उल्लेख गर्नु पर्ने: (१) प्रत्येक प्रतिस्पर्धि बोलकवोलदाताले प्रत्येक बोलकवोलमा आफूले खरिद गर्न चाहेको रकमको बोल मूल्यलाई एकसय रुपैयाँ अंकित मूल्यको आधारमा दशमलव पछाडि चार अंकसम्म उल्लेख गर्नु पर्नेछ ।

(२) अप्रतिस्पर्धि बोलकवोलदाताले ऋणपत्र खरिद गर्दा आफूले खरिद गर्न चाहेको पूरापूर मूल्य मात्र उल्लेख गर्नु पर्नेछ ।

७. बोलकवोल स्वीकार गर्ने तरिका: (१) विभागले बोलकवोल स्वीकार गर्दा बोलकवोलको सूचनामा उल्लेख भए बमोजिम निष्काशित रकम बराबर हुने गरी वा सो रकममा थपघट गरी बोलकवोलदाताले बोलकवोलमा उल्लेख गरेको बोल मूल्यलाई घट्ने क्रममा राखी प्राथमिकताको आधारमा अधिकतम बोल मूल्य उल्लेख गरेका बोलकवोलहरु स्वीकार गर्नु पर्नेछ । विभागले रकम थपघट गर्दा सो निष्काशित रकममा पच्चिस प्रतिशतसम्म थपघट गर्न सक्नेछ ।

(२) विभागले उपनियम (१) बमोजिम बोलकवोल स्वीकार गर्दा अधिकतम बोल मूल्य एउटा मात्र नभई दुई वा सो भन्दा बढी भएमा कट्टि मूल्य (कट अफ प्राईस) कायम गरी त्यस्ता बोलकवोलदाताहरुलाई निजहरुले खरिद गर्न चाहेको रकमको समानुपातिक आधारमा ऋणपत्र बिक्री गर्नेछ ।

८. बोलकवोल स्वीकृतिको सूचना: नियम ७ बमोजिम बोलकवोल स्वीकार भएपछि सो को परिणाम विभागले सार्वजनिक गर्नेछ ।

९. अंकित मूल्यमा ऋणपत्रको प्रमाणपत्र दिइने: विभागले ऋणपत्र निष्काशन गर्दा बोलकवोल पेश गरेका बोलकवोलदाताहरुलाई अंकित मूल्यमा साँवा तथा व्याज भुक्तानी पूर्जा सहितको ऋणपत्रको प्रमाणपत्र दिनेछ ।

१०. <u>अर्नेष्ट मनी जम्मा गर्नु पर्ने</u>: (१) बोलकवोलदाताले बोलकवोल पेश गर्दा खरिद गर्न चाहेको ऋणपत्रको पूरापूर मूल्यको दुई दशमलव पचास प्रतिशतले हुन आउने रकम अर्नेष्ट मनीको रुपमा राष्ट्र बैंकको बैंकिङ्ग कार्यालयमा जम्मा गरी सो को सक्कल भौचर बोलकवोल साथ पेश गर्नु पर्नेछ ।

(२) बोलकवोल स्वीकृत नभएका बोलकवोलदाताहरुलाई निजहरुले अर्नेष्ट मनी बापत जम्मा गरेको रकम बोलकवोलको निर्णय भएको मितिले सात दिनभित्र फिर्ता गरिनेछ ।

११. <u>बोलकवोल पेश गर्ने समय र पेश गर्ने तरिका</u>: (१) विभागले तोकेको मिति र समयभित्र बन्दी खाममा बोलकवोल फाराम राखी विभागमा राखिएको बोलकवोल बाकसमा खसाल्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बोलकवोल खसाल्नु अगाडी बोलकवोलदाताले आफ्नो नाम, ठेगाना र बोलकवोलको संख्या स्पष्ट खुल्ने गरी विभागले राखेको रजिष्टरमा अभिलेख गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम बोलकवोल पेश गर्दा बोलकवोल साथ फर्म, कम्पनी वा संस्थाको हकमा त्यस्तो फर्म, कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्र र व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि समावेश गरेको हुनु पर्नेछ ।

(४) संस्थागत बोलकवोल पेश गर्दा दुई जना आधिकारिक व्यक्तिको नाम, ठेगाना स्पष्ट रुपमा उल्लेख गरी त्यस्ता आधिकारिक व्यक्तिको दस्तखत सहित संस्थाको छाप लगाई बोलकवोल पेश गर्नु पर्नेछ ।

(५) व्यक्तिगत बोलकवोलको हकमा सम्बन्धित व्यक्तिको नाम, ठेगाना तथा दस्तखत हुनु पर्नेछ ।

१२. <u>बोलकवोल अस्विकार गर्न सकिने</u>: विद्यमान नीतिगत व्यवस्था तथा आर्थिक परिसूचकहरुको आधारमा बोलकवोल पूर्ण वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार विभागमा निहीत रहनेछ ।

तर विभागले देहाय बमोजिमको कुनै पनि प्रक्रियागत त्रुटी भएका बोलकवोल अस्वीकार गर्नेछ: -

(क) बोलकवोल फाराममा नाम, दस्तखत तथा छाप छुट भएमा,
(ख) बोल वा खरिद मूल्य अङ्क तथा अक्षरमा लेख्न छुट भएमा,
(ग) अर्नेष्ट मनी जम्मा नभएको वा कम जम्मा भएको पाइएमा,
(घ) बोलकवोलमा ऋणपत्रको नाम तथा सिरिज नम्बर उल्लेख गर्न छुट भएमा, र
(ङ) ऋणपत्र बिक्रीको लागि निष्काशित सूचनामा उल्लिखित शर्तहरु पूरा नभएमा ।

१३. <u>साँवा तथा व्याज भुक्तानी</u>: ऋणपत्र धनीलाई ऋणपत्रमा तोके बमोजिमको समयमा व्याज रकम प्रदान गरिनेछ । ऋणपत्रको साँवाको हकमा सो ऋणपत्रको भुक्तानी मिति समाप्त भएको भोलिपल्टदेखि साँवा रकम भुक्तानी गरिनेछ ।

## परिच्छेद-३
## <u>ऋणपत्रको दोस्रो बजार कारोवार</u>

१४. <u>ऋणपत्रको दोस्रो बजार कारोवार</u>: (१) नियम ३ बमोजिम निष्काशित ऋणपत्रको दोस्रो बजार कारोवार धितोपत्र बजार मार्फत गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम दोस्रो बजार कारोवार गराउन नियम ३ बमोजिम निष्काशित ऋणपत्र सोही नियमको उपनियम (२) बमोजिमका आवश्यक विवरण सहित आवश्यकता अनुसार विभागले धितोपत्र बजारमा सूचिकृत गराउनेछ ।

(३) उपनियम (२) बमोजिम विभागले सूचिकृत गराएका ऋणपत्रहरु सदस्य मार्फत खरिद बिक्री कारोवार गर्न सकिनेछ ।

१५. <u>धितोपत्र बजारमा ऋणपत्रको खरिद बिक्री गर्ने प्रक्रिया</u>: धितोपत्र बजारमा सूचिकृत भएका ऋणपत्रहरु खरिद बिक्री गर्दा देहाय बमोजिम गर्नु पर्नेछ:-

(क) धितोपत्र बजारमा सूचिकृत भएका ऋणपत्र दलाल मार्फत खरिद वा बिक्री गर्न चाहने ग्राहकले धितोपत्र बोर्डले स्वीकृत गरेको ढाँचामा दलाललाई खरिद वा बिक्री आदेश दिनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको खरिद वा बिक्री आदेशमा ग्राहकले आफूले खरिद वा बिक्री गर्न चाहेको ऋणपत्रको नाम, किसिम, संख्या र त्यस्तो ऋणपत्र के कति मूल्यमा कति रकमको खरिद वा बिक्री गर्न चाहेको हो सो मूल्य तथा त्यस्तो आदेशपत्र बहाल रहने अवधि समेत खुलाउनु पर्नेछ ।

(ग) आदेशपत्रमा ग्राहकले आफूले खरिद वा बिक्री गर्न चाहेको ऋणपत्रको मूल्य देहाय बमोजिम खुलाउनु पर्नेछ:-

(१) निश्चित मूल्य,
(२) न्यूनतम वा अधिकतम मूल्य, वा
(३) बजारको स्थिति हेरी दलालले उपयुक्त ठहऱ्याएको मूल्य ।

(घ) खरिद वा बिक्री आदेश दिने ग्राहकले आदेशमा उल्लेख गरेको अवधिसम्म आदेश बहाल रहनेछ । अवधि उल्लेख नगरेको आदेशको हकमा आदेश दिएको मितिले तीन दिनसम्म मात्र बहाल रहनेछ ।

(ङ) ग्राहकले जति मूल्यको सरकारी ऋणपत्र बिक्री गर्न चाहेको हो त्यति नै मूल्यको ऋणपत्रको प्रमाणपत्र पेश गर्नु पर्नेछ र खण्डित अवधि बाहेक व्याज भुक्तानी मितिसम्म पाकेको व्याज भुक्तानी लिइसकेको ऋणपत्रको मात्र कारोवार हुनेछ ।

(च) बिक्रीका लागि ऋणपत्र बुझिलिने दलालले तत्कालै सो को निस्सा ग्राहकलाई बुझाउनु पर्नेछ ।

(छ) बजार निर्माता मार्फत ऋणपत्र खरिद वा बिक्री गर्न चाहने ग्राहकले धितोपत्र बोर्डले स्वीकृत गरेको ढाँचामा बजार निर्माता समक्ष निवेदन दिनु पर्नेछ ।

१६. <u>ऋणपत्रको दोस्रो बजार कारोवार गर्दा सदस्यले पालना गर्नु पर्ने कुराहरुः</u> (१) ऋणपत्रको दोस्रो बजार कारोवार गर्न चाहने सदस्यले देहायका कुराहरु पालना गर्नु पर्नेछः-

(क) सदस्यले धितोपत्र बोर्डबाट तोके बमोजिमको पूँजी, भौतिक पूर्वाधार, जनशक्ति लगायतका शर्तहरु पूरा गरेपछि मात्र ऋणपत्रको दोस्रो बजार कारोवार गर्न पाउनेछ ।

(ख) सदस्यले ऋणपत्र कारोवारको लागि राष्ट्र बैंकले तोकेको ढाँचामा राष्ट्र बैंकमा एउटा ऋणपत्र खाता खोल्नु पर्नेछ । त्यस्तो खातामा ग्राहक र आफ्नो स्वामित्वमा रहेका ऋणपत्रको विवरण छुट्टाछुट्टै देखिने गरी राख्नु पर्नेछ । यस प्रयोजनको लागि धितोपत्र बोर्डले इजाजतपत्र प्राप्त सदस्यहरुको अद्यावधिक सूची विभागलाई उपलब्ध गराउनु पर्नेछ ।

(ग) सदस्यले धितोपत्र बोर्डले तोके बमोजिम धरौटी राख्नु पर्नेछ । त्यस्तो धरौटी नगद वा बैंक ग्यारेन्टी वा दुवैमा राख्न सकिनेछ ।

(घ) सदस्यले ग्राहकको लागि ऋणपत्र खरिद वा बिक्री गर्दा प्राथमिक निष्काशनमा उल्लेख भए बमोजिम व्यक्तिगत वा संस्थागत कस्तो स्वामित्व रहने हो सो कुरा खुलाई खरिद वा बिक्री गर्नु पर्नेछ ।

तर सदस्यले आफ्नो स्वामित्वमा रहने गरी खरिद गरेका ऋणपत्रको हकमा व्यक्तिगत तथा संस्थागत दुवै किसिमको स्वामित्व रहने गरी खरिद गर्न सक्नेछ ।

(ङ) ऋणपत्रको कारोवार गर्दा ऋणपत्रको प्रमाणपत्रमा अंकित मूल्यको आधारमा मात्र गर्नु पर्नेछ । यसरी कारोवार गर्दा खण्डित अवधिको व्याज र व्याज करको समेत छुट्टै हिसाव राखी कारोवार राफसाफ गर्नु पर्नेछ ।

(च) कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको ऋणपत्रको कारोवार प्रचलित कानून बमोजिम रोक्का भएको अवस्थामा सदस्यले त्यस्तो ऋणपत्रको कारोवार गर्न पाउने छैन ।

(२) ऋणपत्रको दोस्रो बजार कारोवार गर्न चाहने बजार निर्माताले देहायका कुराहरु पालना गर्नु पर्नेछ:-

(क) बजार निर्माताले धितोपत्र बजारको ऋणपत्र कारोवार कक्षको कारोवार पाटीमा कारोवार मूल्य तोक्दा खरिद मूल्य तथा बिक्री मूल्य दुवै तोक्नु पर्नेछ । यसरी तोकिने खरिद तथा बिक्री मूल्यको भिन्नता धितोपत्र बोर्डले तोकेको सीमा भन्दा बढी हुनु हुँदैन ।

(ख) बजार निर्माताले धितोपत्र बजारमा अंकित गराएको मूल्यमा धितोपत्र बोर्डको स्वीकृति लिई आफ्नो शाखाबाट अधिराज्य भर समेत खरिद बिक्री कारोवार गर्न सक्नेछ । यसरी कारोवार गर्दा गराउँदा धितोपत्र बजारमा कारोवारका लागि अंकित गराएको मूल्यमा कुनै परिवर्तन भएमा सोही अनुसार एकै समयमा अन्य शाखामा समेत परिवर्तन हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) धितोपत्र बजारले तोकेको कारोवार समय समाप्त भइसकेपछि पनि सो दिन बजार निर्माताले कारोवार पाटीमा अंकित गरेको अन्तिम मूल्यमा कारोवार गर्न सक्नेछ ।

तर त्यसरी गरिएको कारोवारको जानकारी कारोवार भएकै दिन वा भोलिपल्ट कारोवार समय पूर्व धितोपत्र बोर्ड तथा धितोपत्र बजारलाई दिनु पर्नेछ ।

(घ) बजार निर्मातासँग आफूले बजार निर्माण गर्ने ऋणपत्रको मौज्दात नभएको अवस्थामा खरिद मूल्य मात्र र धितोपत्र बोर्डले तोकेको अधिकतम मौज्दात पुगिसकेको अवस्थामा बिक्री मूल्य मात्र तोक्नु पर्नेछ ।

(ङ) बजार निर्माताले धितोपत्र बोर्डले तोके बमोजिम आफ्नो स्वामित्वमा राख्नु पर्ने ऋणपत्रहरुको न्यूनतम वा अधिकतम स्वामित्वको सीमामा क्रमश: नघट्ने वा नबढ्ने गरी खरिद बिक्री गर्नु पर्नेछ ।

(३) ऋणपत्रको दोस्रो बजार कारोवार गर्न चाहने दलालले देहायका कुराहरु पालना गर्नु पर्नेछ:-

(क) दलालले ग्राहकबाट प्राप्त खरिद वा बिक्री आदेशको आधारमा कारोवार गर्नु पर्नेछ ।

(ख) दलालले धितोपत्र बोर्डले तोके बमोजिम दर्ता कितावमा खरिद बिक्री आदेश दर्ता क्रम अनुसार कारोवार गर्नु पर्नेछ ।

(ग) दलालले धितोपत्र बजारले तोकेको स्थान र समयमा आवश्यक प्रक्रिया पूरा गरी कारोवार गर्दा मौखिक रुपमा लिएँ वा दिएँ भनी आफ्नो मौखिक स्वीकृति जनाई सकेपछि धितोपत्र बोर्डले तोकेको ढाँचामा फाराम भरी दस्तखत गरी खरिदकर्ता दलाल र बिक्रेता दलालले एक आपसमा लिनेदिने गर्नु पर्नेछ र सो को एक एक प्रति धितोपत्र बजारमा तुरुन्त बुझाउनु पर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम दस्तखत गरी स्वीकृति जनाई सकेपछि दलालले लिन्न वा दिन्न भन्न पाउने छैन ।

(ङ) कारोवार सम्पन्न गरिसकेपछि सो बारे दलालले ग्राहकलाई धितोपत्र बोर्डले तोके बमोजिमको ढाँचामा फाराम भरी जानकारी दिनु पर्नेछ । खरिदको हकमा धितोपत्र बोर्डले तोके बमोजिमको खरिद निस्सा समेत दलालले ग्राहकलाई दिनु पर्नेछ । यसरी दिएको खरिद निस्सा ऋणपत्रकै रुपमा कारोवारयोग्य हुनेछ ।

तर त्यस्तो निस्सा सम्बन्धित दलाल र धितोपत्र बजारमा अभिलेख गराएर मात्र कारोवार गर्न सकिनेछ ।

(च) दलालले ऋणपत्र कारोवारको लागि मूल्य तोक्दा एकसय रुपैयाँको आधारमा तोक्नु पर्नेछ ।

(छ) दलालले ग्राहकको आदेश नभएको अवस्थामा मात्र आफ्नो स्वामित्वमा धितोपत्र बोर्डले तोकेको सीमामा ननाघ्ने गरी ऋणपत्र खरिद वा बिक्री गर्न सक्नेछ ।

१७. <u>दोस्रो बजार कारोवार सीमा तथा मूल्य परिवर्तन</u>: (१) सदस्यले शुरु कारोवार मूल्य र त्यसपछिका कारोवार मूल्यहरु तोक्दा धितोपत्र बोर्डले तोकेको सीमाभित्र रही तोक्नु पर्नेछ ।

(२) दलालले आफूले बोलेको मूल्यमा कम्तिमा पच्चिस हजार रुपैयाँ अंकित मूल्य बराबरको ऋणपत्रको कारोवार गर्नु पर्नेछ ।

१८. <u>दोस्रो बजार कारोवारको हिसाव राफसाफ तथा प्रमाणपत्र जारी गर्ने सम्बन्धी व्यवस्था</u>: (१) प्रत्येक सदस्यले आफूले गरेको कारोवारको रकम, प्रमाणपत्र, दाखिल खारेज पत्र, विक्रेताको लिखत तथा अन्य आवश्यक कागजातहरु कारोवार भएकै दिन धितोपत्र बोर्डले तोकेको समयभित्र धितोपत्र बजारमा पेश गरी कारोवार राफसाफ गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कारोवार भएकै दिन हिसाव राफसाफ गर्न नसक्ने सदस्यले कारण खोली निवेदन दिएमा धितोपत्र बजारले ऋणपत्रमा तोकिएको व्याजदर अनुसारको सो विलम्व अवधिको व्याज रकम र दैनिक कारोवार मूल्यमा धितोपत्र बोर्डले तोकेको प्रतिशतका दरले विलम्व शुल्क लिई कारोवार भएको तेस्रो दिनसम्ममा त्यस्तो हिसाव राफसाफ गर्ने म्याद थप गरिदिन सक्नेछ । यसरी लिईएको व्याज तथा विलम्व शुल्क धितोपत्र बजारले सदस्य मार्फत सम्बन्धित ग्राहकलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम थप म्यादभित्र समेत हिसाव राफसाफ नगरेमा सदस्यले राखेको धरौटी रकमबाट भ्याएसम्म ऋणपत्र खरिद गरी वा नगद भुक्तानी गरी धितोपत्र बजारले हिसाव राफसाफ गरिदिन सक्नेछ ।

(४) सदस्यले नियम १६ को उपनियम (१) को खण्ड (ख) बमोजिम खोलेको खातामा दैनिक कारोवारबाट भएको हेरफेरको हिसाव मिलान गर्नु पर्नेछ । यसरी हिसाव मिलान गर्दा ग्राहकको नाममा ऋणपत्रको नयाँ प्रमाणपत्र जारी गर्नु परेमा विभागबाट नयाँ प्रमाणपत्र जारी हुनेछ । यसरी नयाँ प्रमाणपत्र जारी गर्दा विभागले तोके बमोजिमको दस्तुर ग्राहकले सदस्य मार्फत विभागलाई बुझाउनु पर्नेछ ।

१९. <u>दोस्रो बजार कारोवार सम्बन्धी अभिलेख राख्नु पर्ने</u>: (१) दलालले ग्राहकबाट प्राप्त खरिद तथा बिक्री आदेशहरु प्राप्त भएको मिति र समय समेत जनाई क्रमानुसार धितोपत्र बोर्डले तोके बमोजिमको ढाँचामा दर्ता गर्नु पर्नेछ ।

(२) सदस्यले ऋणपत्र कारोवारको विवरण धितोपत्र बोर्डले तोकेको ढाँचामा ग्राहक र आफ्नो स्वामित्वको छुट्टाछुट्टै विवरण देखिने गरी हिसाव किताव खडा गरी राख्नु पर्नेछ ।

२०. <u>दोस्रो बजार कारोवार विवरण पेश गर्नु पर्ने</u>: (१) सदस्यले प्रत्येक दिन आफूले गरेको ऋणपत्रको कारोवारको विवरण धितोपत्र बोर्डले तोकेको ढाँचामा सोही दिन विभाग, धितोपत्र बोर्ड र धितोपत्र बजार समक्ष पेश गर्नु पर्नेछ ।

(२) सदस्यले आफूले गरेको प्रत्येक अर्धवार्षिक तथा वार्षिक अवधिको ऋणपत्र कारोवारको विवरण धितोपत्र बोर्डले तोके बमोजिमको ढाँचामा विभाग तथा धितोपत्र बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

२१. <u>दोस्रो बजारमा हस्तक्षेप गर्न सक्ने</u>: ऋणपत्रको कारोवार मूल्यमा अस्वाभाविक रुपमा उतार चढाव आएमा धितोपत्र बोर्डले कारोवार स्थगन गर्न धितोपत्र बजारलाई निर्देशन दिन सक्नेछ ।

तर धितोपत्र बजारमा ऋणपत्रको मूल्य अस्वाभाविक रुपमा उतार चढाव आएको महसुश भई तत्काल नियन्त्रण गर्नु पर्ने अवस्था आएमा धितोपत्र बजारले

कारोवार स्थगन गरी स्थगन गर्नु पर्ने कारण सहित धितोपत्र बोर्डमा तुरुन्त जानकारी दिनु पर्नेछ ।

२२. राष्ट्र बैंकबाट धितोपत्र बजारमा तरलता उपलब्ध नहुने: (१) नियम १४ बमोजिम सूचिकृत भएका ऋणपत्रको भुक्तानी अवधि समाप्त हुनु अगावै राष्ट्र बैंकले त्यस्ता ऋणपत्र खरिद गर्ने छैन ।

(२) कुनै पनि कारणले सदस्यलाई वित्तीय साधनको आवश्यकता परेमा राष्ट्र बैंकबाट कुनै किसिमको वित्तीय साधन उपलब्ध हुने छैन ।

तर मौद्रिक नीति कार्यान्वयन गर्ने सिलसिलामा राष्ट्र बैंकले धितोपत्र बजारबाट ऋणपत्र खरिद वा धितोपत्र बजारमा बिक्री गर्न भने यस नियमले वाधा पुऱ्याएको मानिने छैन ।

२३. दोस्रो बजार कारोवार तथा सो सम्बन्धी अभिलेख निरीक्षण गर्ने: (१) धितोपत्र बोर्ड तथा धितोपत्र बजारले कुनै पनि समयमा पूर्व जानकारी दिई वा नदिई सदस्यको खाता बहि, अभिलेख तथा अन्य व्यवस्थाहरुको सम्बन्धमा आवश्यक निरीक्षण गर्न सक्नेछ ।

(२) राष्ट्र बैंकले मौद्रिक नीति कार्यान्वयन गर्ने सिलसिलामा आवश्यकतानुसार धितोपत्र बजार तथा सदस्यको कारोवार तथा सो सम्बन्धी विवरण, तथ्याङ्क तथा कागजात जुनसुकै बखत पनि स्थलगत तथा गैर स्थलगत रुपमा निरीक्षण गर्न सक्नेछ र त्यस्तो निरीक्षण गर्दा आवश्यक देखिएका विषयमा कारवाहीको लागि धितोपत्र बोर्डलाई लेखी पठाउनेछ ।

२४. समितिको गठन: (१) सरकारी ऋणपत्रको प्राथमिक निष्काशन तथा दोस्रो बजार कारोवार सम्बन्धी कार्यको समन्वयको लागि देहाय बमोजिमका सदस्यहरु रहेको एउटा प्राथमिक निष्काशन तथा दोस्रो बजार संचालन समिति गठन हुनेछ:-

(क) गभर्नरले तोकेको राष्ट्र बैंकको डेपुटी गभर्नर - अध्यक्ष
(ख) श्री ५ को सरकार, अर्थ मन्त्रालयको सह सचिव स्तरको प्रतिनिधि - सदस्य
(ग) धितोपत्र बोर्डको अध्यक्ष - सदस्य
(घ) राष्ट्र ऋण व्यवस्थापन विभागको प्रमुख - सदस्य
(ङ) धितोपत्र बजारको महाप्रबन्धक - सदस्य
(च) राष्ट्र ऋण व्यवस्थापन विभागको नायव प्रमुख - सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार विशेषज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम गठित समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) उपनियम (१) बमोजिम गठित समितिको बैठकमा भाग लिए बापत समितिका सदस्य तथा आमन्त्रित सदस्यले राष्ट्र बैंकको गभर्नरले तोकिदिए बमोजिम बैठक भत्ता पाउनेछन् ।

२५. समितिको काम, कर्तव्य र अधिकार: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) राष्ट्र ऋण ऐन तथा राष्ट्र ऋण नियमावलीको अधिनमा रही प्रत्येक वर्ष राष्ट्र ऋण उठाउन किटान गरिएको रकमको सीमामध्ये धितोपत्र बजार मार्फत कारोवार गर्न छुट्याइएका ऋणपत्रहरुको कारोवारका सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने ।

(ख) खण्ड (क) बमोजिम छुट्याईएका ऋणपत्रहरुको बोलकवोल आव्हान, बोलकवोल स्वीकार, कट्टि मूल्य निर्धारण, धितोपत्र बजारमा सूचिकरण तथा सो सम्बन्धी कार्यको समन्वय गर्ने ।

(ग) यस नियमावलीको कार्यान्वयनका सम्बन्धमा आवश्यक पर्ने अन्य काम कारवाहीको समन्वय गर्ने ।

२६. धितोपत्र बोर्डले विनियमावली बनाउन सक्ने: यस नियमावलीको उद्देश्य कार्यान्वयन गर्न नियमावलीमा उल्लिखित विषयहरुका अतिरिक्त सदस्यता, कारोवार, हिसाव किताव राफसाफ तथा सो सँग सम्बन्धित कुनै विषयमा थप व्यवस्था गर्नु परेमा धितोपत्र बोर्डले आवश्यक विनियम बनाई लागु गर्न सक्नेछ ।

२७. निर्देशन दिन वा निर्देशिका बनाई लागू गर्न सक्ने: (१) धितोपत्र बोर्डले ऋणपत्र कारोवार सम्बन्धमा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) ऋणपत्र कारोवारका सम्बन्धमा धितोपत्र बजार तथा सदस्यलाई धितोपत्र बोर्डले आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको निर्देशिका तथा उपनियम (२) बमोजिमको निर्देशनको पालना गर्नु धितोपत्र बजार तथा सदस्यको कर्तव्य हुनेछ ।

२८. राष्ट्र ऋण नियमावली बमोजिम हुने: यस नियमावली बमोजिम निष्काशन गरिने ऋणपत्रहरुको नामसारी, साँवा व्याज भुक्तानी तरिका, प्रतिलिपि दिने व्यवस्था, परिवर्तन, एकीकरण, खण्डीकरण तथा प्रमाणीकरण र ऋणपत्रको ढाँचा तथा साँवा व्याज भुक्तानी पूर्जाको ढाँचा लगायतका कुराहरु राष्ट्र ऋण नियमावली बमोजिम हुनेछन् ।